# सङ्घीय संसद्

# राष्ट्रिय सभा

# उन्नाइसौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २८ माघ २०८२

# बुधवार

# बैठक सङ्ख्या- ८

राष्ट्रिय सभाको आजको बैठक सम्मानननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१८ बजे प्रारम्भ भयो।

(१३:१८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू राष्ट्रिय सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। शून्यमा बोल्नका लागि प्रत्येक माननीय सदस्यलाई एक एक मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य कृष्ण बहादुर रोकाय।

(१३:१९ बजे) **माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचन निष्पक्ष शान्तिपूर्ण र भयरहित वातावरण म सम्पन्न हुन्छ कि हुदैन भन्ने आम नागरिकले चासो र चिन्ता व्यक्त गरिरहेका छन्। निर्वाचन नजिकिदै जाँदा दिन पर्ने विभिन्न घटनाहरू बढिरहेका छन्। २०८२ माघ २६ गते सिराहाको कारागारमा सुरक्षा अनुगमन खोजिएको क्रममा कारागार भित्र नै एक थान कटुवा पिस्तोल, दुई राउण्ड गोली, करिब लाख रुपैया नगद र प्रतिबन्धित वस्तुहरू फेला परेको समाचार प्राप्त भएको

छ। त्यस्तै २०८२ माघ २७ गते पर्साको बिरगंजस्थित आदर्श नगरमा अवैध रुपमा तस्करी गरी ल्याइएको सामान बरामद गर्न पुगेको सशस्त्र प्रहरीको टोली माथि आक्रमण भएको छ। आक्रमणबाट सशस्त्र प्रहरीका सवारी साधन तोडफोड हुनका साथै व्यापारी समूहको कुटपिटबाट तीन जना प्रहरीहरू घाइते भएका छन्। उक्त आक्रमण कानुनी शासन माथिको गम्भीर चुनौती हो। सुरक्षाकर्मी माथि नै आक्रमण हुनु सामान्य घटना होइन। कानुन कार्यान्वयन गर्ने निकाय नै असुरक्षित हुने अवस्था आयो भने सर्वसाधारण नागरिक कति सुरक्षित होलान्। यसतर्फ गम्भीर बन्न म सम्माननीय अध्यक्षज्यू मार्फत नेपाल सरकारको ध्यानकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२० बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य घनश्याम रिजाल।

(१३:२० बजे) **<u>माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:-** सम्माननीय अध्यक्ष महोदय, २०८२ माघ २७ गते रामेछाप जिल्लाको मन्थली नगरपालिका वडा नम्बर ६ स्थित तामकोशी नदीमा यात्रुबाहक बस खसि दुर्घटना हुदा मेरो गृह जिल्ला दोजखा भिमेश्वर नगरपालिका वडा नम्बर आठका मान बहादुर तामाङ सहित रामेछाप र ओखलढुङ्गा जिल्लाका १२ जना यात्रीहरूको दुःखद निधन भएको खबरले अत्यन्तै मर्माहित भएको छ। यस दुःखद घटनामा ज्यान गुमाउनु भएका सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार जन प्रति गहिरो समवेदना व्यक्त गर्दछु। घाइतीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। साथै उपचार तथा राहत कार्यलाई तीव्र प्रभावकारी बनाउन सम्माननीय अध्यक्षज्यू मार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउदछु। सम्माननीय अध्यक्ष महोदय, चुनाव नजिकिदै गर्दा काला बजारीहरूले दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव देखाई मूल्यवृद्धि गराएर जनतालाई दुःख दिने कार्य सुरु भएको छ। म बजार अनुगमन गरि दोषीलाई कारबाही गर्न सम्माननीय अध्यक्षज्यू मार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउदछु। धन्यवाद।

(१३:२१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य पदम बहादुर परियार।

(१३:२१ बजे) **<u>माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, फागुन २१ गते नै निर्वाचन सम्पन्न गर्ने गरि नेपाल सरकार र निर्वाचन आयोगले गरेको तयारीको म प्रशंसा गर्दछु र नेपाल सरकारका केही पछिल्ला निर्णय र काम कारबाहीलाई विश्लेषण गर्दा यस चुनाव निष्पक्ष र धाँधलीरहित हुने कुरामा आशङ्का मान्नुपर्ने परिस्थिति सिर्जना भएको छ। मतदाताको करोडौको सम्पत्ति ठगी गरेको आरोपमा अदालतको निर्णय अनुसार जेल बसेका उम्मेदवारको मुद्दा फिर्ता लिने विवादास्पद निर्णय सरकारले गरेको छ। प्राय सधै दशैं अगाडि नै हुने गरेको गैरआवसीय नेपाली संघ एनआर एनको सम्मेलन सरकारले आयोजक बसेर चुनावको सम्मुखमा गर्न लागिरहेको छ। यी र यस्तै निर्णयहरूले नागरिक सरकारले चुनावमा नजानिदो पाराले अमुक दल र उम्मेदवार तर्फ क्रमशः पक्षधरता देखाउदैं गएको त होइन भन्ने प्रश्न उठेको छ। तसर्थ म सम्माननीय अध्यक्षज्यू महोदय मार्फत म सम्माननीय प्रधानमन्त्रीज्यूलाई सुझाव दिन चाहन्छु। प्रधानमन्त्रीज्यू, राष्ट्रिय जिम्मेवारी महसुस गर्नुहोस् गुण तिर्ने तिर नलाग्नुहोस्। धन्यवाद।

(१३:२२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य रुकमिणी कोइराला।

(१३:२२ बजे) **<u>माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, कोशी प्रदेशको झापाको शिव सतासी वडा नम्बर ११ मा शनिबार राति १२ बजे जङ्गलबाट हात्ती पसेर जनताका घरघर गएर त्रास मच्चाउँदै घर भित्र राखेका धान, मकै लगायत अन्य बाली खाएर, फ्यालेर, मान्छे मारेर वितण्ड मच्याएको जानकारीमा आएको छ। त्यसै वडाका मेघाराज राई उमेर ४५ वर्षका राईको हात्तीको आक्रमणले मृत्यु भएको छ। उनकी श्रीमती पनि र एक आमा र ३ छोराछोरी सकुशल छन्। मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा सुख समवेदना व्यक्त गर्दछु। हरेक समयमा हाम्रो प्रदेशमा मानव वन्यजन्तु द्वन्द्वका कारणले अकालमा मानव क्षति भइरहेको अवस्था छ। त्यो क्षतिलाई हेरेर सरकारले क्षतिपूर्ति र हात्ती व्यवस्थापन अथवा वन्यजन्तु व्यवस्थापन गरोस् भन्न चाहन्छु। धन्यवाद।

(१३:२३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य रेनु चन्द।

(१३:२३ बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय सभाध्यक्षज्यू, बैतडीको पुर्चौंडी नगरपालिका ७ बढागाउँ नजिक जन्ती सवार भएको बस दुर्घटमा १३ जनाको मृत्यु भएको छ भनेर चौकीका प्रहरीले भनेका छन्। रामेछापको मन्थली नगरपालिका त्रिवेणी नजिक तामाकोशी नदीमा सवारी बस दुर्घटना भइ १२ जनाको मृत्यु भएको छ ८ जना घाइते भएका छन्। मृतकहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दछु। घाइतेहरूको स्वास्थ्य लाभको कामना गर्दछु र साथै मृतक परिवारलाई राहत स्वरुप र घाइतेहरूलाई उपचारको लागि उचित रकम व्यवस्थाका लागि सरकारको ध्यानाकर्षण गराउँदछु। मेरो सरकारसँग प्रश्न छ, मौसम खराब भए पनि दुर्घटना हुने, मौसम ठिक भए पनि दुर्घटना हुने, ओभरलोड भएर दुर्घटना हुने, लापरवाहीले दुर्घटना हुने, ट्राफिक नियम उल्लङ्घन भएर दुर्घटना भइरहने हो भने हामीले संसदीय समितिहरूमा मन्त्रालय र मन्त्रीहरूलाई बोलाएर सोध्दा पनि त्यहाँ निरिहता प्रदर्शित हुने। यो के व्यथिति छ ? यो विषयमा सरकारको गम्भीरता पूर्वक ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२४ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१३:२५ बजे) **माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काङ्ग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको संरक्षक सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले मुर्छित अवस्थामा पुगेको संविधानको संरक्षण गरी देशलाई संवैधानिक बाटोमा ल्याउनु भएकोमा म सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। र यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचनमा मतदाताले शान्तिपूर्ण एवम् ढुक्क भएर मतदान गर्न सक्ने वातावरण बनाउन म सम्मानित सदन मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। साथै यस सम्मानित सदनको गौरव बढाई आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरी बिदाई हुन लाग्नु भएका माननीयज्यूहरूलाई विदाई पछिको राजनीतिक एवं व्यक्तिगत जीवन सुखमय रहोस् भन्ने कामना गर्दै तपाईहरूले सुरु गर्नु भएको प्रशंसनीय काममा हामी निरन्तरता दिनेछौं भन्दै बिदा हुन्छु। धन्यवाद।

(१३:२६ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१३:२६ बजे) **मानतीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, यही मङ्गलबार रामेछापको मन्थली ६ सिरिसेढाँडे हुँदै ओखलढुङ्गा तर्फ जाँदै गरेको यात्रुबाहक बस बिहान करिब १०:३० बजे भलुवाजोर स्थित मथानेटारको साँघुरो सडकबाट तामाकोशी नदीमा खसेर दुर्घटना हुँदा ७ जना पुरुष र ५ जना महिला गरी १२ जनाको मृत्यु र ८ जना घाइते भएका छन्। मृत्यु हुनेहरूमा रामेछाप, लिपु, तामाकोशी गाउँपालिका ७ तिप्लुङका दम्पती भीम बहादुर तामाङ, जानुमाया तामाङ उनका आफन्तहरू तथा बसधनी दिपेन्द्र बस्नेत अरू र दोलखा, सिन्धुली र ओखलढुङ्गा बासीहरू रहेको खबर छ। यस दुखद घटना प्रति गहिरो समवेदना सहित घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। मृतकका परिवारलाई राहत सहयोग प्रयोग उपलब्ध गराउन र देशैभरी बढ्दै गरेको सडक दुर्घटना तर्फ गम्भीरतापूर्वक ध्यान दिन म सरकारसँग माग गर्दछु। धन्यवाद। अभिवादन।

(१३:२७ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू राष्ट्रिय सभाको आजको बैठकमा विशेष समय नरहने बेहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू संवैधानिक व्यवस्था बमोजिम ६ वर्ष पदावधी पुरागरी एक तिहाइ माननीय सदस्यहरू २०८२ फागुन २० गते देखि बिदाई हुँदै हुनुहुन्छ। माननीय सदस्यले यो अवधिमा सभा तथा समितिमा रही संसदीय अभ्यासका क्रममा प्राप्त गर्नु भएका अनुभव लगायतका समसामयिक विषयमा बोल्नका लागि समय माग भए अनुसार बोल्न बाँकी रहनु भएका माननीय सदस्यहरूले आफ्नो अनुभव प्रस्तुत गर्ने क्रम जारी रहन्छ। अनुभव प्रस्तुत गर्न चाहनु हुने बाँकी माननीय सदस्यहरूलाई आफ्नो अनुभव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु। यसका लागि प्रत्येक माननीय सदस्यलाई १२ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य देवेन्द्र दाहाल।

(१३:२८ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्ष महोदय, आज यो सदनमा राष्ट्रिय सभाको यस रोस्टममा उभिएर आफ्ना केही विचारहरू राख्न पाउदा मलाई खुशी लागेको छ र २०७६ साल फागुन २१ गतेबाट हामी १९ जना सदस्यहरूको कार्य अवधि सुरु भएको हो र २/२ वर्षमा हुने यस राष्ट्रिय सभाको निर्वाचन अन्तर्गत निर्वाचन भएर नयाँ सदस्यहरू पनि आइसक्नु भएको छ। निर्वाचित भइसक्नु भएको छ। उहाँहरूलाई म यस रोस्टम मार्फत

हार्दिक शुभेक्षा, शुभकामना व्यक्त गर्न चाहन्छु। र हाम्रो सम्माननीयज्यूले भने जस्तै हाम्रो कार्यकाल यही फाल्गुन २० गते समाप्त हुँदैछ। र यस बीचमा मैले कुरा राख्दाखेरि ३ वटा कोणबाट मैले केही विषयहरू राख्न चाहन्छु, समय अवधि भित्र। एउटा भनेको आफ्नो अनुभव आफुलाई लागेका फिलिङ्सहरू, दोस्रो भनेको हाम्रा केही राम्रा थालनी गरिएका परम्पराहरूको सन्दर्भमा, तेस्रो भनेको केही सुझावहरू रहेका छन् र सर्वप्रथम त म यस सभामा आएर र विभिन्न समयमा प्रस्तुत भएका समसामयिक विषयहरूमा अथवा केही समसामयिक विषयहरूमा मैले आफ्नो विचार धारणाहरू राखेको छु र विभिन्न समयमा सभामा प्रस्तुत भएका विधेयक उपर पनि छलफलमा भाग लिएको छु। मेरो लागि संसदीय जिम्मेवारी पहिलो जिम्मेवारीका रुपमा रहेको थियो यो राष्ट्रिय सभा। यसै सभाको सदस्यको हैसियतबाट मैले १४ महिनासम्म भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारी सम्हाल्ने पनि अवसर पाए। संसद मात्रै हुँदा र सरकारमा बसेर काम गर्दाका चुनौतीहरू के हुन् भन्ने विषय लिएको छु। यसबाट नेपालका पूर्वाधार क्षेत्रका समस्याहरू के के रहेछन् भनेर थोरै भए पनि जानकारी प्राप्त गर्ने अवसर पाएको छु जसले ले भोलिका दिनमा नेपालको पूर्वाधारमा देखेका चुनौतीहरू र तिनको समाधानको लागि केही थोरै भए पनि विज्ञताको हैसियतले काम गर्न सक्ने भएको छु। काम गर्दै जाँदा देशको स्थिति, देशको परिस्थिति र जनताको आकांक्षाहरू बीचमा कति ग्याप छ, राज्यको अपेक्षा र कर्मचारी तन्त्रको मनोवृतिको बारेमा गहिरो अध्ययन गर्ने मौका पाएको छु। त्यसो हुँदा समग्रमा भन्नुपर्दा यो सभा मेरा लागि एक विश्वविद्यालय नै बनेको छ। यतिबेला मैले यस सभामा राखेका कुराहरूले लोकतन्त्रको सुदृढकरण, आवश्यक जनमैत्री कानुन निर्माण, जनताका जल्दाबल्दा समस्याहरू, मुलुकको अर्थतन्त्रको सुदृढकरण र विकास निर्माण र समृद्धिका एजेन्डाहरूलाई कति सघाउ पु¥याए होला भन्ने कुराको मूल्याङ्कन अवश्य नै होला भन्ने ठानेको छु। यस बारेमा स्वयम् म आफैले पनि समिक्षा गर्ने नै छु।

सम्माननीय अध्यक्षज्यू, अब म यस सभाको अर्को पाटोको बारेमा चर्चा गर्न चाहन्छु। यस सभाका सकारात्मक कुराहरूलाई यस सभाले निरन्तरता दिनेछ भन्ने मैले विश्वास गरेको छु। ती कुराहरू मध्ये मुख्य गरेर कुनै पनि विधेयक पारित गर्दा यस मत विभाजन र छलफल भए पनि मत विभाजन नभइकन सर्वसम्मतिले पास हुने गरेको छ। त्यो निरन्तरता हुनेछ भन्ने मैले विश्वास लिएको छु। र यहाँ उपस्थित दलहरूले यस सभामा विचारहरू उठाउँदा चाहे त्यो व्यक्तिगत होस् वा दलगत होस् विचारहरू उठाउँदाखेरि त्यसको सुनुवाई हुने गरेको छ। यसमा सम्माननीयज्यूको महत्त्वपूर्ण भूमिका रहेको छ। म उहाँलाई धन्यवाद पनि दिन चाहन्छु। त्यसलाई निरन्तरता जाओस् भनेर म आग्रह गर्न चाहन्छु। संकल्प

प्रस्ताव सार्वजनिक महत्त्वको प्रस्तावमार्फत उठाइने कतिपय साझा सवालहरूमा दलहरू एकै ठाउँमा आउने विषयहरू राख्ने गरेको र सर्वसम्मतिले पास हुने गरेको छ। यो कुरा पनि निरन्तरता हुनेछ भन्ने मैले विश्वास लिएको छु।

सम्माननीय अध्यक्षज्यू, अब म केही कुरा यस सभाको बारेमा राख्न चाहन्छु। समावेशिताको नमुनाको रुपमा रहेको नेपालका दलित, महिला तथा पिछडिएका क्षेत्र तथा फरक क्षमता भएका र सन्तुलित प्रादेशिक प्रतिनिधित्व रहेको राष्ट्रिय सभा वास्तवमा एउटा गौरवपूर्ण संघीय संसदको रुपमा रहेको छ। जसरी संसदीय भूमिकामा यस सभाको जस्तो स्थान रहेको छ त्यस अनुसार यसको भूमिका छ त ? यसको गम्भीर समिक्षा गर्नु आवश्यक रहेको छ। नेपालको संविधानमा यसको व्यवस्था गरिरहँदा यसलाई एउटा विज्ञ सभाको रुपमा पनि राखेको देखिन्छ। यो वास्तवमा के विज्ञ सभाको रुपमा रहेको छ त ? व्यवहारमा त्यस्तो देखिएको छैन। यसलाई वास्तवमै विज्ञ सभाको रुपमा बनाइनु पर्छ। यो कुरा यस सभाका सदस्यहरूकै हातमा रहेको छ। पहिलो कुरा दलहरूले वा सम्बन्धित मतदाताहरूले विज्ञहरू चुनेर पठाउनु पर्‍यो यदि त्यस्तो भएन भने आफै विज्ञ कोसिस पनि गर्नुपर्छ भन्ने लाग्छ। हामी १९ जना सदस्य छिट्टै बिदाई हुँदै छौं। त्यसैले हामीले भन्ने के हो त भन्दा हामीले चाहिँ सुझाव दिने हो। यसरी जाँदा राम्रो होला भनेर सुझाव दिने हो। यो सभाको भूमिका प्रभावकारी बनाउनका लागि संविधानको धारा १११, १०५ र ११० मा भएको त्रुटीलाई पनि सच्याउनु आवश्यक छ। कुनै पनि सभामा विधेयक प्रस्तुत भइ पारित भएपछि अर्को सभामा पठाउँदा विभेदकारी प्रावधान रहेको छ। त्यसलाई अन्त्य गर्नु नि जरुरी छ। विधेयक उपर छलफल गरेर फिर्ता पठाउँनु पर्ने समय दुवै सदनलाई समान राखिनु पर्दछ। जबकि प्रतिनिधि सभाबाट उत्पत्ति भएको विधेयकको लागि राष्ट्रिय सभामा ६० दिनको समय अवधि तोकिएको छ। प्रतिनिधि सभाको लागि समय सिमा तोकिएको छैन। मैले बारम्बार उठाउने गरेको हामीले एउटा विधेयक प्राइभेट विधेयकका रुपमा पारित गरेर पठाएका थियौं प्रतिनिधि सभामा। तर त्यो विधेयक अहिलेसम्म न छलफल आयो न त्यसमा कुनै केही सुनवाई नै भएको छैन। त्यो एक किसिम प्रतिनिधि सभाले यो शब्द त त्यति राम्रो नहोला तर त्यो विधेयकै पचाइदियो के त्यो विधेयकै पचाइदियो र त्यो विधेयक नै आउन सकेन त्यसले गर्दाखेरि एउटा यो सभाको जुन गरिमालाई त्यसले कमजोर बनाएको छ। र यसतर्फ ध्यान जानुपर्छ र यो प्रावधान संवैधानिक प्रावधान पनि भएको हुँदाखेरि संविधानलाई पनि सुधार गरेर हामीले त्यसलाई सच्याएर अगाडि बढ्नुपर्छ। र यस सभाका सदस्यज्यूहरूलाई सभालाई प्रभावकारी बनाउने हो भने यो सभामा राजनीतिक भाषण मात्र गरेर समय बर्बाद नगर्नका लागि म सुझाव दिन चाहन्छु। राजनीतिक प्रतिनिधि

भएकोले कतिपय समयमा त्यो पनि आवश्यक होला तर सम्पूर्ण समय त्यसैमा खर्चिने कुरामा पुनर्विचार गर्ने हो कि भन्ने मेरो सुझाव रहेको छ। राज्यको लागि आवश्यक पर्ने विषय केन्द्रित सुझावहरू दिने गहिरो अध्ययन गरेर भर्षक तथ्यांकले पुष्टि प्रमाणित हुनेगरि विषयहरू विश्लेषणात्मक रुपले अगाडि सार्ने कामहरू गर्नुपर्छ। नेपालको शिक्षा तथा स्वास्थ्य नीति कस्तो हुनुपर्छ। नेपाल विकासको दृष्टिले कुन स्थानमा छ। अबको विकासको मोडल के हो ? हाम्रो देशको कृषि नीति के हो ? औद्योगिक नीति कस्तो हुनुपर्ला ? हाम्रो देशमा उत्पादन वृद्धि, यातायात प्रति, आयात प्रतिस्थापन र निर्यात प्रवर्धन कस्ता नीतिहरू अवलम्बन गर्नुपर्ला। हामीले नेपालको संविधान बनाइरहँदा धारा ४ मा समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना गरेका छौं। यो नेपाली समाजलाई त्यस अवस्थामा पुर्याउन के कस्ता नीति तर्जुमा गर्नुपर्ला आदि विषयमा छलफल गर्दा राम्रो हुन्छ भन्ने मलाई लाग्छ। हामीले हिजो छलफल गर्दा यो विषयमा ध्यान दियौ कि दिएनौ हामी रहँदा खेरि त्यो पनि एउटा समिक्षाको पाटो हुन सक्छ। राजनीतिक दलहरूले समाजवादको मोडल दिन सकेका छैनन्। समाजवाद स्थापनाका लागि समृद्ध नेपाल, सुखी नेपालीको अवधारणा नेकपा एमालेले अगाडि सारेको छ। तर त्यो पर्याप्त छैन। त्यसको विस्तृत व्याख्या हुनु जरुरी छ। हाम्रो संविधानमा उल्लेख भए अनुसार कस्तो मोडलको समाजवाद हाम्रो देशमा लागु गर्न सकिन्छ। यस सभाका सदस्यले पनि त्यो मोडल दिन सक्नुपर्छ। नयाँ संविधान जारी भएपछि संघीयता लागु भएपछि संघीयता लागु गर्दा देखिएका समस्याहरू तीनै तहका सरकार र सरकार संचालनमा देखिएका समस्याहरू अध्ययन गरेर प्रस्तुत गर्न सकेको अवस्था छैन। संघीयता असल प्रणाली भए पनि बिस्तारै संघीयता प्रति वितिष्णा बढ्न थालेको छ। संघीयता वा तीन तहको सरकारले सरकार के जनताका लागि बोझ भएकै हो त। यो बहस सुरु भएको छ। यो वितृष्णा संघीयता खारेजीको तह सम्म पुग्न सक्दैन भनेर भन्न सकिदैन। के प्रदेश सरकारका मन्त्रालयको संख्या घटाउदैमा संघीयतालाई सुढृद गर्न सकिन्छ वा जनतामा आएको वितृष्णा घटाउन सकिन्छ त। कि के गर्नुपर्ला ? यस सभाका सदस्यहरूको पनि विचार आउनुपर्छ भन्ने मलाई लाग्छ। गाँस, बास र कपासको व्यवस्था हुन सक्ने अवस्था मुलुकमा उद्योग धन्दाको विकास गर्दै रोजगारीको सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने, आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नका लागि के गर्न सकिन्छ। सभाका सदस्यहरूको धारणा आउनुपर्छ। नेपालमा वर्षेनै भित्रेको खरबौ रेमिट्यान्सको रकमलाई उत्पादन र रोजगारी प्रवर्धनमा लगाउने नीति किन बनिरहेको छैन ? कस्तो नीति बनाउनु पर्ला भन्ने बारेमा यस सभाका सदस्यहरूको विचारहरू आउनुपर्छ भन्ने मलाई लाग्छ। जसरी निर्यात भन्दा आयात धेरै नै बढी भइरहेको छ। तर पनि विदेशी मुद्रा सच्चिति बढिरहेको छ। यसको कारण के हो त ? विश्लेषणात्मक विचारहरू आउनुपर्छ भन्ने मलाई लाग्छ। मुलुक निर्माणको लागि दिशा निर्देश गर्न विचार प्रवाह हुने कुनै विचार, गोष्ठी, भेला

वा अन्त्यरक्रियाहरू भन्दा सबैभन्दा आधिकारिक थलो बनेको यो सभा हो भन्ने मलाई लागेको छ। त्यसकारण यो कुराहरूलाई हामीले बुझेर यहाँ प्रस्तुत भएका सम्पूर्ण विचारहरू जनताका प्रतिनिधिको तर्फबाट आएका हुन् भन्ने हिसाबले हामीले एउटा म्यासेज दिन सक्नुपर्छ भन्ने मलाई लाग्छ। र अन्त्यमा यो सभामा सांसदको हैसियतबाट आफ्नो विचार राख्ने यो सायद अन्तिम मौका पनि हुन सक्छ। र यो अवसर हामीलाई दिलाउनु हुने सम्माननीय अध्यक्ष महोदय र यो सभा, यसको सचिवालय सम्पूर्णलाई म हार्दिक धन्यवाद दिन चाहन्छु र आजको दिन सम्म अथवा हामी जति कार्यकाल रहन्छौं। त्यो कार्यकाल सम्म जुन एक आपसमा सहयोग आदान प्रदान अन्डरस्ट्यान्डिङ र धेरै ठुलो मत विमत वाद विवाद नभइकन हामीले यो सभाको यो कार्यकाल पुरा गरेको मैले महसुस गरेको छु र कतिपय कुराहरू प्रतिनिधि सभामा आएका कुराहरू प्रतिनिधि सभा बन्द हुँदाखेरी पनि यो सभा चलाएको पनि हामीले रेकर्ड देखाएका छौं। त्यसैले गर्दा सबै माननीय सदस्यहरूले यस सन्दर्भमा गम्भीर भएर आउँदै लाग्नु भएका माननीय सदस्यहरूलाई पनि यस बारेमा विषयहरू सेयर गरेर यो सभाको गरिमालाई अझ उच्च राख्नका लागि, यो सभालाई अझै विज्ञ सभाको रुपमा स्थापित गर्नका लागि, नेपालमा राष्ट्रिय सभा भनेको एउटा विज्ञ सभा हो। त्यसले राम्रा विचार दिन सक्छ भनेर त्यस्तो खालको विचार दिन सक्यौ भने अझै राम्रो होला र यहाँ हामी १९ जना बाहेक त अरू यही पनि माननीयज्यूहरूको पालो सकिएको छैन र बाँकी रहेको १९ जना यहाँ आउनुहुनेछ। र यो सम्पूर्णतामा यो राष्ट्रिय सभाले त्यस खालको एउटा म्यासेज दिने गरी, सन्देश दिनेगरी कार्यसम्पादन हुनेछ भन्ने विश्वास राख्न चाहन्छु। र अन्त्यमा सम्माननीय अध्यक्षज्यूलाई हार्दिक धेरै धेरै धन्यवाद दिँदै म आफ्नो भनाईलाई यहीँ अन्त्य गर्न चाहन्छु। हस्त धन्यवाद।

**(१३:४० बजे)** **<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्य गंगा कुमारी बेलबासे।

**(१३:४१ बजे)** **<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभामा समयको पालना हुन्छ। समयमै सभा, समयमै समिति र आयोजना गरिएको कार्यक्रमहरू समयमै हुन्छन् भन्ने सबैलाई थाहा छ। सरकारका प्रतिनिधि, सरोकारवाला, सबैले समयको पालना भएकोमा राष्ट्रिय सभाको प्रशंसा गर्दै आएका छन्। कहिलेकाहीं कार्यक्रम आयोजक भन्दा पहिले हाम्रो सभाका सदस्यहरू पुग्ने स्थिति बनेको छ। शून्य समयको राम्रो पालना भएको छ। समसामयिक विषयमा झन्डै ४० प्रतिशत जति सदस्यले बोल्नुहुन्छ। अति आवश्यक

विषयमा, शून्य समयको सदुपयोग भएको छ। विशेष समयमा सबै सदस्यहरूले पाएको समय दलगत जम्मा गरि बोल्ने गरिएको छ। औसतमा सबै सदस्यले पालै पालो बोल्ने गर्नु भएको छ। सरसल्लाहमा दलले समय मिलाउने भएको हुनाले यो व्यवस्थापन राम्रो भएको छ। आकस्मिक समयको राम्रो उपयोग भएको छ। अध्यक्षज्यू र सचिवालयलाई पहिले नै जानकारी गराउने हुँदा सभालाई व्यवस्थित गर्न सहयोग पुगेको छ। अन्तरराष्ट्रिय घटना, राष्ट्रिय घटना जुन एक सभा र अर्को सभाको बीचमा घटेका हुन्छन्। त्यस्तै विरोध र हाउस अवरोधबाट रोक्नको लागि पनि आकस्मिक समयको उपयोग भएको थियो। प्रतिनिधि सभामा बैठक अवरुद्ध हुँदा हाम्रो सभामा आकस्मिक समयमा विरोध गर्ने विषयमा के हो ? कसरी हो ? किन विरोध गरिएको भन्ने स्पष्ट पारेर सभालाई अवरोध नगर्ने प्रचलन पनि आकस्मिक समयको सदुपयोग गरेर भएको थियो। राष्ट्रिय सभाको नियमावलीमा महिनाको पहिलो शुक्रबार र तेस्रो शुक्रबार प्रादेशिक समयको व्यवस्था गरिएको छ। बोल्ने समय सदस्यले आफू निर्वाचित भएको प्रदेशको समस्या, सम्भावना, राम्रा अभ्यास, विविध विषयमा बोल्ने समय हो। प्रदेशमा तहगत सम्बन्धहरूको विषयमा र अन्तरसम्बन्धको विषयमा विषयक निर्वाचक मण्डल र निर्वाचक क्षेत्र, निर्वाचन क्षेत्रको विषयमा बोल्ने प्रादेशिक समयको व्यवस्था भएको हो। संघीयता सबलीकरणको लागि प्रादेशिक समय एउटा कोशेढुङ्गा साबित बन्न पुगेको छ।

सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभा सहकार्य सहअस्तित्व समन्वय गर्ने महत्त्वपूर्ण सभा र समिति भएको महसुस भएको छ। राष्ट्रिय सभामा भएका ४ वटै समितिले एजेन्डा हेरेर संयुक्त बैठक छलफल गर्ने काम सुरु गरेका छन्। विषयवस्तुमा आधारित भएर प्रतिनिधि सभा समिति र राष्ट्रिय सभाका समिति बीच सहकार्य भइरहेको छ। कर्णाली प्रदेशबाट सामाजिक विकास समिति बीच उत्तर विधायकी परिक्षणको विषयमा संयुक्त बैठक विधायन समितिको बैठकमा विधायन समितिसँग गरिएको थियो। विधायन व्यवस्थापन समितिले उत्तर विधायीकी परीक्षण बारे प्रस्तुति गरेको थियो भने प्रदेश समितिले गरेका मुख्य कामहरूको जानकारी सिकाई जिज्ञासा र असल अभ्यासको बारेमा छलफल भएको थियो। संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य भइरहेको छ। मुख्य गरेर राष्ट्रिय सभा र समितिहरूले गरिरहेका छन्। राष्ट्रिय सभा अविच्छिन्न उत्तराधिकार हो। संवैधानिक रुपमा अभिछिन्न उत्तराधिकार हो। गठन प्रक्रिया, निर्वाचन प्रक्रिया १९ जना हामी सदस्यहरूको कार्य अवधि यही आउदो फागुन २१ गते देखि सकिदै छ। १८ जना निर्वाचित भइसक्नु भएको छ। बिदाई हुना साथ नयाँ सदस्यले पदभार ग्रहण गर्नुहुन्छ। निरन्तर २ वर्ष, ४ वर्ष, ६ वर्ष अवधि हुने सदस्यहरू भएकोले कामको अनुभव, कामको निरन्तरता, ज्ञान सीपको विकास, नयाँ काम र ज्ञानको खोजी अविच्छिन्न अघि

बढिरहन्छ। राष्ट्रिय सभाको ८ वर्ष र मेरो कार्यकालको ६ वर्षमा धेरै महत्त्वपूर्ण काम भएका छन्। सबै काममा अविच्छिन्न उत्तराधिकार रहने हुनाले कामको दोहोरोपन नहुने स्पष्ट छ। खोजी अनुगमन र अनुसन्धानमा समितिहरू लागिरहने मैले आशा गरेको छु। ४ वटै समितिहरू आफ्नो कार्यक्षेत्रको काममा वार्षिक कार्य योजना बनाएर लागिरहेका छन्। संविधान अनुसार बनाउन बाँकी कानुन कति छन्। कुन मन्त्रालयले के विषयको कानुन मस्यौदा गर्दै छ ? देश संघीयतामा गएपछि कुन मन्त्रालयले कति कानुन बनाउनु पर्छ। सरकारलाई दिएका निर्देशन कार्यान्वयन भएका छन् कि छैनन्। कति प्रतिशत कार्यान्वयन भए कति हुनेवाला छन्। कति हुन नसक्ने अवस्थामा छन् भन्ने आफ्नो कामको आफै मूल्याङ्कन समितिहरूले गरिरहेका छन्। समितिले गरेका कामको समिक्षा भइरहन्छ। काम गर्दै सिक्दै, सिक्ने अवसर पनि प्राप्त भइरहन्छ। विशेष समिति, संघीयता कार्यान्वयन, अनुगमन मूल्याङ्कन, संसदीय विशेष समिति गठन गरेर सातै प्रदेश र प्रतिनिधि मुलक स्थानीय तहसँग कार्यक्रम गरी खोज अनुसन्धान मुलक प्रतिवेदन तयार गरी सभामा सभामा छलफल भएको थियो। सम्माननीय प्रधानमन्त्रीले सम्बोधन गर्दै सभालाई विश्वस्त बनाउनु भएको थियो। राष्ट्रिय गौरवका आयोजना सम्बन्धी अध्ययन, प्रतिवेदन र यसले दिएका सुझावहरू संघीय संसदीय जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न संसदीय डेक्स स्थापना गर्न मन्त्रालयको ध्यानाकर्षण र मन्त्रालयमा सम्पर्क डेक्स स्थापना भएको जानकारी भएको छ। क्यान्सर रोग विरुद्ध कार्यक्रम र काठमाडौं घोषणा पत्र जारी गरेको थियो। मानव वन्यजन्तु द्वन्द्व कम गर्न खोजमुलक अनुसन्धान र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को संशोधन गर्नुपर्ने विषय जानकारी गराइएको थियो। नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति अध्ययन, मल्यांकन प्रतिवेदन, राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन, प्रतिवेदन, २०८२ नेपालको कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुन लिनुपर्ने रणनीति बारे प्रतिवेदन, ट्राफिक कार्यालयको नियन्त्रणमा रहेका सवारी साधनहरूको अवस्था, व्यवस्थापन सम्बन्धी प्रतिवेदन, दलित समुदायको अधिकार सम्बन्धी कानुनी व्यवस्था आवश्यक भएकोले मस्यौदा विधेयक प्रस्तावित गरिएको छ। सार्वजनिक नीति प्रत्यायोजित विधायन सरकारी आश्वासन सम्बन्धी अध्ययन उपसमिति गठन गरेर काम भइरहेको छ र प्रतिवेदन तयारीको अवस्थामा छन्। राष्ट्रिय महत्त्वका दस्तावेज अभिलेख व्यवस्थापन र ऐतिहासिक एवं पुरातात्विक सम्पदाको अध्ययन अनुसन्धान भइरहेको छ। राष्ट्रिय सभामा उत्पत्ति भएको विधेयकहरूको विभिन्न अवस्थाहरू रहने अवस्था जानकारी गराउन चाहन्छु। राष्ट्रिय सभामा उत्पत्ति भएका विधेयक प्रमाणीकरण भएका विधेयक, सरकारले फिर्ता लिएका विधेयक, प्रतिनिधि सभा नहुदा निस्क्रिय भएका विधेयक, यसरी विविध अवस्थामा विधेयकहरू रहेका छन् र कानुन निर्माण प्रक्रियाको हिसाबले कानुन निर्माण गरिरहँदा विधेयक प्रस्तोता मन्त्रालय र मस्यौदाकारसँग छलफल हुन्छ। सरोकारवाला र विज्ञसँग

समिति सदस्य र संशोधनकर्ता सदस्य सहित दफाबार छलफल प्रतिवेदन लेखन, वाचन, छलफल पारित गर्ने गरेको छ। ऐनको प्रस्तावना लगायतका विषयमा संशोधन हुने गरेको छ। ऐन प्रारम्भ हुने समय तोकिने गरेको छ। कानुनको मापनको व्यवस्था गर्ने गरिएको छ। प्रत्यायोजित विधायन कम गर्न र लेख्नै परे, बनाउनै परे ऐनमै व्यवस्था गर्ने गरिएको छ। समावेशी सिद्धान्तमा जोड दिएको छ। ऐन कार्यान्वयन मापन र अध्ययन अनुसन्धानका काम समितिले गरिरहेको छ। ऐन मापन बारे प्रदेश र स्थानीय तहमा प्रशिक्षण संचालन गर्न आवश्यक छ। प्रदेश र स्थानीय तहले ऐन मापनका कामहरूलाई अगाडि बढाएको पनि छ। ऐन बनाउदाको पृष्ठभूमि, ऐन कार्यान्वयन मापनमा हामीले ध्यान दिएका कुराहरूमा ऐन बनाउदाको पृष्ठभूमि के हो र कानुनको मुल्यांकन गर्ने कानुनले पारेको प्रभाव र असर के छ ? ऐनमा गर्नुपर्ने सुधार र परिमार्जन के हो ? समितिले गरेका काम दस्तावेजको रुपमा रहने समिति कार्य योजना बनाई निरन्तर अगाडि बढ्ने प्राथमिकता क्रम सिलसिलामा जोडिन्छ। अघिल्लो कार्यकाल, वर्तमानकाल र आउने सदस्यहरूको कार्यकालको हिसाबले अगाडि बढ्दछ। सरल, सहज दलगत विभाजन बिना काम हुने गरेको छ। राष्ट्रिय सभामा सभा तालिकामा चल्ने समिति चेकलिस्ट तयार गरेर काम गर्ने र सरकारले सदन र समितिमा गरेका प्रतिबद्धता पुरा गर्ने सुझावहरू कार्यान्वयन गर्ने हो भने सरकारका ३ वटा तह, ७ वटा प्रदेश सबै स्थानीय तहमा प्रगति हुन्छ भन्ने विश्वास लिएको छु। म सभाको ५ औं अधिवेशनबाट प्रवेश गरेर १९ औं अधिवेशनसम्म आइपुग्दा निरन्तर उपस्थिति भइरहें, मेहनत गरिरहें। अध्यक्ष, उपाध्यक्ष समिति सभापतिहरूलाई सहयोग गर्दै आएको छु। ६ वर्षको कार्यकालमा एक पटक सभापति बनेर काम गर्ने अवसर पाइन्छ भन्ने लागेको थियो। हरेक २ वर्षमा सभापतिको चयन हुने व्यवस्था छ यो ठिकै छ। राष्ट्रिय सभामा रहेका विधेयक रहने तर प्रतिनिधि सभा विघटन हुँदा निष्क्रिय हुने अवस्था छ। ठुलो साधन स्रोत खर्चेर तयार गरेको विधेयक अन्तिम अवस्थामा निष्क्रिय हुने राम्रो होइन। निजामती सेवा विधेयक, विद्यालय शिक्षा विधेयक जस्ता धेरै मेहेनत गरिएका विधेयकहरू पनि निस्क्रिय भएका छन्। महत्त्वपूर्ण विधेयक त्यही अवस्थाबाट अगाडि बढ्ने व्यवस्था गर्न सके राम्रो हुन्थ्यो। राष्ट्रिय सभामा महिला समन्वय समिति निर्माण गर्न धेरै मेहेनत गरेको छु। अझै पनि सहमति र सल्लाहमा बनाउन सके राम्रो हुने थियो।

सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यू, सभा सञ्चालन व्यवस्थापन राम्रोसँग गरिरहनु भएको छ। म यसको लागि धन्यवाद दिन चाहन्छु। सबै माननीय सदस्यहरूको धैर्यता, संयमता, ज्ञान सिप र बौद्धिकता प्रति आभार व्यक्त गर्दछु। संघीय संसदका महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालयका सचिव, समितिका सचिव, उपसचिव, अधिकृत र सम्पूर्ण शाखा प्रशाखाहरूका शाखा

उपशाखा शाखाहरूका कर्मचारी साथीहरूलाई धन्यवाद दिँदै सुरक्षाकर्मी र सञ्चारकर्मी सबैमा आभार व्यक्त गर्दछु। नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री मन्त्रीहरू, सरकारी निकाय, गैरसरकारी संस्थाहरू, विभिन्न सहकारी समूह, समितिमा विज्ञको रुपमा सहभागी भएर सहयोग गर्ने व्यक्ति, व्यक्तित्वहरू, सरोकारवाला सबैमा आभार व्यक्त गर्दछु। सबैको संयुक्त लगानीको उपलब्धि सफलता हो। धन्यवाद।

(१३:४२ बजे) **पीठासीनः-** माननीय उपाध्यक्ष श्री विमला घिमिरे

(१३:५२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:५३ बजे) **<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-** सम्माननीय अध्यक्ष महोदय, यस गरिमामय सभामा आफ्नो ६ वर्षीय अनुभव राखिरहदा म मेरो पार्टी नेकपा एमाले तत्कालिन पार्टी नेतृत्व, मधेश प्रदेशका सभा सदस्यहरू, स्थानीय पालिकाका प्रमुख, उपप्रमुखहरू, अध्यक्ष, उपाध्यक्षहरूलाई धन्यवाद व्यक्त गर्दै स्मरण गर्न चाहन्छु। संघीय लोकतान्त्रिक गणतन्त्रको लागि सहादत दिनु हुने सहिदहरू प्रति सम्मान व्यक्त गर्दै यो व्यवस्थाको रक्षाको लागि लाग्नु हुने हामी सबैको दायित्व हो। संविधान सभामार्फत बनेको संविधानको मर्म र भावना अनुरुप काम गर्नु हाम्रो जिम्मेवारी पनि हो भन्ने लाग्दछ। देशको विशिष्ट अवस्थामा एक्कासी आकस्मिक रुपमा स्थगन गरिएको राष्ट्रिय सभाको १९औं अधिवेशनको आह्वानको लागि पहल गर्नु हुने सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यू, संघीय संसदका महासचिव ज्यू, वर्तमान नेपाल सरकार लगायत सम्बद्ध पक्षलाई धन्यवाद दिन चाहन्छु। ६ वर्ष अवधि पुरा गरी बिदा हुन लागेका राष्ट्रिय सभाका सदस्यहरूले आफ्नो अनुभूति राख्ने अवसर प्राप्त गरेका छौं। यति पनि पाइदैन कि भन्ने लागिरहेको थियो। ६ वर्षको समय लामै समय हो। मलाई व्यक्तिगत रुपमा यो समय लामै लागेको छ। यस बीचमा राष्ट्रिय राजनीति, देशको समग्र अवस्था, सत्तामा रहेका दल, तिनका नेतृत्व समग्र, राजनीति दलहरूको अवस्था, संसदीय समिति, सभाका माननीय सदस्यहरू, सचिवालयका सदस्यहरूसँग गरिएको सहकार्यले सकारात्मक अनुभवहरू मैले जीवनमा सँगालेको छु। सकारात्मक अनुभवको सँगसँगै मलाई खुशी पनि लागेको छ। यो सार्वजनिक क्षेत्रको जिम्मेवारीमा पहिलो पटक अनुभव गर्न पाए। यस अवधिको बीचमा मबाट मेरो कारणले कसैलाई

कुनै पनि विषयमा चोट पुगेको छ, गल्ति भएको छ, भने बिर्सनको लागि पनि म आग्रह गर्दछु। यस सभा र समितिमा रहँदा केही सकारात्मक अनुभवहरू केही नकारात्मक अनुभूतिहरू संघालेको छु। सकारात्मक अनुभूतिमा राष्ट्रिय सभाका ४ वटा समिति मध्ये २ वटा समितिको निर्धारित कार्यक्षेत्रमा रहेर गहिरो अध्ययन गर्न सकियो भन्ने लागेको छ। त्यसमा प्रत्यायोजित विधायन तथा सरकारी आश्वासन समिति जसको दोस्रो नियमावली संशोधनले नाम परिवर्तन गऱ्यो सार्वजनिक तथा प्रत्यायोजित विधायन समिति भन्ने नामाकरण गरेको छ। यो समितिमा रहेर काम गरेको अनुभव मसँग रह्यो। यस्तै विधायन व्यवस्थापन समिति विधायन व्यवस्थापन समितिको सदस्य र सभापतिको जिम्मेवारीमा रहेर काम गरियो। समितिको बैठक ठिक समयमा हुने सभाका बैठकहरू केही अपवाद बाहेकका समयमा प्रारम्भ र अन्त्य हुने गरेका छन्। समितिको नियमावलीले गरेको व्यवस्था अनुरुप कानुन निर्माण प्रक्रिया सरकारको काम कारवाहीको अनुगमन निरीक्षण गर्दै सुझाव दिने र आवश्यक विषयमा निर्देशन दिँदै आएको छ। यो सभालाई विज्ञ बुज्रुक परिपक्क व्यक्तिहरूको सभाको रुपमा चिनिन्छ, बुझिन्छ, शान्तिपूर्ण वातावरणमा प्रायजसो सभा सञ्चालन भइरहेको छ। मर्यादित भाषाको प्रयोग एक आपसमा समन्वय, सहकार्य रुपमा सभा सञ्चालन हुँदै आएको छ। यो विधि प्रक्रियालाई निरन्तरता रहोस् भन्न चाहन्छु। यस अवधिमा कोभिडको महामारी नयाँ पुस्तको नाममा भएको राष्ट्रको धनजनको क्षतिले मन अलि अमिलो बनाएको छ र नराम्रो लागेको छ। जनताको बीचमा गरिएका कतिपय प्रतिबद्धता र संकल्पहरू पुरा गर्न सकिएन। किनभने संविधानले नै केही अधिकार कटौती यो सभालाई गरेको छ, भने माननीय सदस्यहरूको बीचमा पनि समानता चाहिँ थिएन। सरकारको हेर्ने दृष्टिकोणमा पनि समस्या देखियो संघीय संसदका २ वटा सभा छन्। उत्तिकै जिम्मेवारी र महत्त्व छ भन्ने बुझाई र कार्यान्वयमा समस्या देखिएको छ।

सम्माननीय अध्यक्ष महोदय, आफ्नो सन्दर्भमा आफैले विश्लेषण गर्दा यस सभाबाट धेरै ज्ञान सिप हासिल गर्न सकेको छु, भन्ने मलाई लागेको छ। आफ्नो चेतना, योग्यता र सामर्थ्यले सकेसम्मको जिम्मेवारी बहन गर्न सके भन्ने लागेको छ। अन्तरराष्ट्रिय अनुभव खासै सम्हाल्न सकिएन, अवसर पनि पाइएन र यो नमिलेको साँचो पनि हो। माननीय उपाध्यक्षज्यूले सम्झिदा छिमेकी राष्ट्र चीनसम्म एक पटक पुग्न सकेको थिए र म माननीय उपाध्यक्षज्यूले धन्यवाद व्यक्त गर्न चाहन्छु। देश भित्रको भने सकारात्मक अनुभव संघालेको छु। मधेश प्रदेशबाट महिला क्षेत्रको प्रतिनिधित्व गरेको भए पनि महिला अधिकार, महिला विरुद्धको विभेद, असमानताको विरुद्धमा सधै आवाज उठाइरहे र उठाइरहनेछु फेरी पनि। विभिन्न वर्ग, तह, क्षेत्र, समुदायको अधिकार र समस्याको समाधानको लागि पहल गरियो भने

नीति र ऐन निर्माणकोमा सक्दो प्रयास गरियो भन्ने लाग्दछ। जनताको जीवन स्तरमा खासै परिवर्तन ल्याउन सकिएको छैन। सडक, पानी, बिजुली, स्वास्थ्य, संरचना, शिक्षा क्षेत्रमा केही नीतिगत रुपमा व्यवस्थान गरिए पनि अझै पनि सबै ठाउँका जनताले सहज जीवनयापन गर्न सकिरहेका छैनन्।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा आफ्नो निर्वाचक मण्डल प्रतिबद्ध रहँदै जवाफदेहिता निर्वाह गर्नुपर्छ। समिति मार्फत अनुभव आदान प्रदान, अन्तरक्रिया छलफल मार्फत विधि निर्माण प्रक्रियामा सहजीकरण गर्दै आएको छ। संघीयताको कार्यान्वयन र राज्यका संरचनाको पनि संघीयताको अनुसार मर्म अनुसार संरचना चाहिँ बन्दै जानुपर्छ। यो सभा स्थायी सदन हो। हरेक दुई दुई वर्षमा एक तिहाइ माननीय सदस्यहरू निर्वाचित हुने र एक तिहाइ सदस्यहरूको विदा हुने यो प्रक्रियामा रहेका छौं। आउँदै गर्नुभएका नयाँ सदस्यहरूलाई म बधाई र कार्यकाल सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। संघीय सदनको दुई वटा सदन मध्ये राष्ट्रिय सभा एक हो र प्रतिसभा विघटन गरिएको अवस्थामा मा पनि जनताका जल्दा बल्दा समस्यालाई उठाउने छलफल गर्ने आफ्ना नियमित गतिविधिको साथमा केही विधेयकहरू पारित गर्न र केही प्रतिवेदनहरू माथि छलफल गर्न सकेका छौं। यो खुशीको कुरा हो। १८ औं अधिवेशन एक्कासि स्थगित हुँदा राष्ट्रिय सभामा उत्पत्ति भएका एक्कासि समितिले सभामा प्रतिवेदनसम्म बुझाएका ७ वटा विधेयकहरू शून्यतामा गएका थिए। राज्यको लगानी सम्बद्ध पक्षहरूको मेहनत खेर गएको छ भन्ने लागेको छ।

सम्माननीय अध्यक्ष महोदय, २०८२ साल भाद्र २३ गते नयाँ पुस्ताको नाममा भएको आन्दोलन सामाजिक सञ्जाल बन्द गरेको विरुद्धमा भनियो। आयोजकले प्रदर्शनमा घुसपैठ भयो भनेको पनि सुनियो। सोही दिन १९ जना युवा विद्यार्थीले जीवन गुमाए यो दुःखद पक्ष थियो। २४ गते देशका महत्त्वपूर्ण धरोहरहरू जले, जलाइयो, तोडफोड गरियो। यस्तो लाग्थ्यो देश नै जलिरहेको छ। कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, व्यावसायिक प्रतिष्ठानहरू, व्यक्तिका निजी घरहरू समेत आगजनी तोडफोड भयो। सहभागीहरूले सामान ओसारेको देखियो। आफ्नो देशको झण्डा ओढेर देश नै ध्वस्त पार्न नेपाली मनले कसरी सक्यो होला भन्ने लाग्छ। गर्वका साथ सामाजिक सञ्जालमा पोस्ट गरेको पनि देखियो। यस्तो हर्कत गर्ने अपराधमा संलग्न व्यक्तिहरू नेपाली हुन सक्दैनन् भन्ने लाग्छ। यस घटनाले असुरक्षित वातावरण सिर्जना भएको छ र नेपाली मन अझै पनि डराइरहेको छ भन्ने महसुस भएको छ। तत्कालिन सरकारको कमी कमजोरीलाई समाधान गर्ने माध्यमहरू देश जलाउनु हो र ? अझ अरू माध्यमले पनि सत्ता परिवर्तन गर्न सकिन्थ्यो होला। जसले गल्ती गरेको छ त्यसलाई चाहिँ तिनलाई सजाय दिन सकिन्थ्यो होला। अहिले अपूरणीय क्षति भएको महसुस गरेको छु। यो कसरी पुरा

होला भन्ने लाग्छ। कयौं आमाका काखहरू रितिएका छन्। देशको अमूल्य धरोहर जलेको छ। यो अपरणीय क्षति कसरी पुऱ्या होला ? घाइते अपाङ्ग अहिले पनि अस्पतालमा छन्। हुन त वर्तमान नागरिक सरकारले एउटा आयोग बनाएको छ। गौरी बहादुर कार्कीको अध्यक्षतामा छानबिन आयोगले कस्तो प्रतिवेदन ल्याउने हो हेर्न बाँकी नै छ।

सम्माननीय अध्यक्ष महोदय, किन र कसका लागि गरियो ? सही, सत्य र तथ्य उजागर हुनुपर्छ। अनेकौ आशंका उब्जिएका छन्। गोली चल्यो मानवीय क्षति भयो। यो आन्दोलनबाट नेपाली जनताले के प्राप्त गऱ्यो उपलब्धि के भयो ? रहस्यको पर्दा खुल्नुपर्छ र खुल्न बाँकी नै छ। सुशासन कायम गर्ने भ्रष्टाचार नियन्त्रण गर्ने विषय जस्ताको त्यस्तै छन्। आज मात्रै पनि ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले रिपोर्ट अनुसार नेपालमा भ्रष्टाचार बढेको देखाएको छ। यो चिन्ताको विषय हो। सम्माननीय अध्यक्ष महोदय, नयाँ युवा पुस्ताले जेनजी पुस्ताले बनाएको मन्त्रीको नाममा मन्त्रीको काम यस्तै थियो त। सम्माननीय प्रधानमन्त्रीज्यूले जानेको दोष छैन। मैले नै जाउ भनेको हो भन्दै हुनुहुन्छ, कुरो के हो बुझ्न सकिएन। चटक आए नाटक देखाए गए जस्तो त होइन होला। देश चलाउन नयाँ पुस्ताको माग सम्बोधन गर्न जिम्मा लिएपछि केही त पुरा गर्नुपर्थ्यो होला। २०८४ सालमा हुने प्रतिनिधि सभाको नियमित निर्वाचन ०८२ सालमा सरेको छ। यति नै गर्नको लागि यत्रो आन्दोलन भएको हो त ? यतिबेला विकास निर्माणका काम रोकिएका छन्। संरचना ध्वस्त भएका छन्। आर्थिक मन्दी छ, महँगी बढेको छ। कुनै योजना  देखिदैन। यस्तो अवस्थामा हामी रहेका छौं र म राष्ट्रिय सभालाई केही सुझावहरू पनि राख्न चाहन्छु। राष्ट्रिय सभाले आफ्नो परम्परा, गरिमा र अस्तित्वलाई सदा कायम राखोस् भन्न चाहन्छु। समितिको नाम बारम्बार परिवर्तन नगरियोस्। समितिको बजेट नियमित खर्च गर्न सकिने गरि विनियोजन गरियोस्। नियमावलीमा राखिएको सार्वजनिक सुनवाईको विषय कार्यान्वयन हुन सकेन। यसतर्फ पनि सभाको ध्यान जाओस् भन्न चाहन्छु। सभाका माननीय सदस्यहरूलाई यसको महत्त्व र गरिमा उत्तिकै र समान रुपमा बुझी समयको निम्ति आग्रह पनि गर्दछु। कर्मचारीहरूको क्रियाशिलतालाई बढाउन मूल्याङ्कन तालिम र प्रोत्साहनको गरियोस् भन्न चाहन्छु। विषय विज्ञको रोस्टर समितिलाई बनाउनको लागि व्यवस्था गरियोस्। अहिले समितिले विज्ञको रोस्टर बनाउन पाइरहेको छैन र खोजेको बेलामा विज्ञहरू पनि भेटिनु हुन्न र सहि परामर्श लिन पनि सकिदैन। नेपाल सरकारका मन्त्रालय माननीय मन्त्रीहरूले दुवै सदनलाई उत्तिकै महत्त्व दिने र कानुनको निर्देशनको कार्यान्वयन गरियोस् भन्न चाहन्छु। विधेयक प्रस्तोता मन्त्रालयका माननीय मन्त्रीहरूले आफुले प्रस्तुत गर्नु भएको विधेयकको खोजी गर्ने चासो लिने कुरोमा ध्यान दिनुहोस् भन्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, यतिबेला हामी प्रतिनिधि सभाको निर्वाचनको सङघारमा छौं। निर्वाचनमा भाग लिइरहनु भएका राजनीति दलहरूलाई धैर्यता, सयमता अपनाउन र जनताको बीचमा आफ्ना घोषणा पत्रहरूलाई लिएर चुनावी प्रचारप्रसारमा लाग्नको निम्ति म आग्रह गर्न चाहन्छु। यो फागुन २१ को निर्वाचन स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा हुँदैछ भन्ने विश्वास दिलाउन नेपाल सरकारलाई आग्रह गर्दै संवेदनशील बुधको सुरक्षा व्यवस्थापन कस्तो भइरहेको छ। यसलाई सहि व्यवस्थापन गर्नको निम्ति आग्रह पनि गर्दछु। यतिबेला सम्माननीय प्रधानमन्त्री सुशिला कार्की हुनुहुन्छ। महिला भएको नाताले गर्व गर्न सकौं भन्ने म चाहिँ आग्रह गर्न चाहन्छु। निर्वाचनको विषयलाई लिएर सामाजिक सञ्जालको दुरुपयोग भइरहेको छ। भ्रमपूर्ण समाचार, विकृति जन्य तस्बर, चरित्र हत्या गर्ने, अपमान गर्ने, मिथ्या सूचना पोष्ट गर्ने कार्य भइरहेको छ। यसको नेपाल सरकारले अनुगमन र नियमन गरोस् भन्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, यस बीचमा राष्ट्रिय सभाका माननीय सदस्य बलदेव बोहराको असामयिक निधन भएको छ। माननीय सदस्य बलदेव बोहरा प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्न चाहन्छु। प्रजातान्त्रिक आन्दोलनको योद्धा अर्थशास्त्री डा. मिना आचार्यको असामयिक निधन प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तब्ध परिवार जनमा गहिरो समवेदना व्यक्त गर्न चाहन्छु। र हिजो मात्र रामेछापको सेलेघाटमा बस दुर्घटनाबाट निधन हुनुभएकाहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा म राष्ट्रिय सभाले आफ्नो गरिमा, औचित्य र महत्त्व राख्दै आएको छ। यसलाई परम्परालाई निरन्तरता दिइयोस् भन्दै सबै माननीय सदस्यहरूमा शुभकामना व्यक्त गर्न चाहन्छु। धन्यवाद।

(१४:०४ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य गोपाल भट्टराई।

(१४:०५ बजे) <u>**माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्ष महोदय, अस्ति रामेछापमा भएको बस दुर्घटनामा ज्यान गुमाउनेहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्न चाहन्छु। र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना र उहाँहरूको स्वास्थ्य लाभको निम्ति सरकारले पहलकदमी लिओस। र मृतकहरूको क्षतिपूर्तिको व्यवस्था पनि गरोस् भन्ने आग्रह गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, आज हामी राष्ट्रिय सभाका एक तिहाइ सदस्यहरू ६ वर्षे कार्यकाल पुरा गर्ने अन्तिम चरणमा छौं। यस

सन्दर्भमा राष्ट्रिय सभामा रहेर काम गर्दाका अनुभूतिहरू राख्ने अवसर दिनु भएकोमा सम्माननीय अध्यक्षज्यू प्रति धन्यवाद भन्न चाहन्छु। हामी २०७६ साल फागुन २१ गते हामीले सपथ ग्रहण गरेका हौं हामीले। लगत्तै कोभिडको कारणले करिब २ वर्ष हामीसँग काम गर्ने वातावरण बनेन र कोभिड पछि कानुन निर्माणका कामहरू भएका छन्। राजनीतिक उतारचढावका कारण प्रतिनिधि सभा विघटन भइरहँदा विभिन्न समयमा छलफल भएका र केही पारित भइ प्रमाणीकरण समेत हुनु बाँकी रहेका विधेयकहरू पनि शून्यमा गएका छन् र जाने अवस्थामा रहेका छन्। यसकारण कानुन निर्माणमा देखिएका अवरोधहरूलाई कसरी अन्त्य गर्न सकिन्छ। अबको छलफल त्यता तर्फ पनि केन्द्रित हुन आवश्यक हुन्छ। जरुरी छ, भन्ने मलाई लाग्छ। गत अधिवेशनमा सरकारले धेरै विधेयकहरू दर्ता गरायो र हामीले विधेयकहरूलाई प्राथमिकताका साथ अगाडि बढायौं। तर धेरै विधेयकहरू शून्यमा जाने अवस्था बन्यो। हामीसँग रहेका विधेयकहरू यस विषम परिस्थितिमा पनि अहिले रहेका विधेयकहरूलाई समेत हामीले यो विषम परिस्थितिमा समेत करिब करिब टुङ्गोमा पुऱ्याएका छौं। तीनटा विधेयक हामीसँग थिए। चार वटा थिए एउटा चाहिँ सरकारले फिर्ता लग्यो र तीनटा विधेयक हामीले करिब करिब अब टुङ्गोमा पुऱ्याएका छौं। अब हामीले संघीयता कार्यान्वयनको निम्ति बन्नुपर्ने कानुनहरू प्राथमिकतामा राखेर काम गर्नुपर्दछ। संघीयता माथि निरन्तर प्रहार भइरहेको छ। यसलाई चिर्नको लागि पनि ती कानुनहरूको निर्माणमा प्राथमिकतामा राख्नु पर्दछ। संघीयता कार्यान्वयनको निम्ति, बनाउनु पर्ने कानुनहरूको विधायन व्यवस्थापन समितिले एउटा रोस्टर बनाएको छ। त्यो रोस्टर सरकारलाई हामीले बुझाएका छौं र त्यो कहाँ पुग्यो त्यसको अब अनुगमन अबको सदनले त्यो पनि त्यो अनुगमन पनि गरोस् भन्ने आग्रह गर्न चाहन्छु।

अध्यक्ष महोदय, हामीले यसै अवधिमा हाम्रो संविधानमा छुट भएको सुदुर पश्चिमको सिमानामा रहेको नेपालको नक्सालाई त्यस समावेश गरेर संविधान तह व्यवस्था गरेका गरेका छौं। यो निर्णयमा हस्ताक्षर गर्ने क्षणलाई एउटा ऐतिहासिक अवसरको रुपमा लिएको छु। यद्यपी अहिले सम्म उक्त भूमि उपभोग गर्न सकिएको छैन। निरन्तरको राजनीतिक अस्थिरताको कारण पनि कुटनीतिक काम पनि व्यवस्थित हुन सकेको छैन। यस्तो हुन नसक्दा कार्यान्वयनमा समस्या रहेको अनुभूति भएको छ। अब राजनीतिक स्थायित्वका लागि पनि संविधान संशोधन गरेरै भए पनि स्थायित्व हुनु जरुरी छ भन्ने मलाई लाग्छ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा आफैमा महत्त्वपूर्ण सभा हो। यसको महत्त्व कति छ भन्ने कुरा अहिले जनताले बनाएको संविधान च्यात्ने प्रयास भयो। त्यसलाई रोक्न र संविधानलाई

क्रियाशील छ, भन्ने सन्देश दिन पनि राष्ट्रिय सभा सफल भयो भन्ने मलाई लागेको छ। यदि यो सभा नहुदो हो भने संविधान माथि नै हातपात हुने सम्भावना थियो मलाई यस्तो लाग्दछ। यो १२ मिनेटमा धेरै कुराहरू राख्न सकिदैन। तै पनि साङ्केतिक रुपमा भए पनि केही कुराहरू राख्ने अवसर मिल्यो। राष्ट्रिय सभामा आइसकेपछि सभाले बनाएको एउटा मानक समयको महत्त्वपूर्ण महत्त्वलाई एउटा अनुशासनको रुपमा कार्यान्वयन गर्ने कुराले मलाई अति नै प्रभावित गर्यो। यसलाई अब राष्ट्रिय सभाले एउटा स्थापित मान्यता नै बनाइसकेको छ। यो अवधिमा यो सभाले संकल्प प्रस्ताव लगायतका विभिन्न प्रस्तावहरू पारित गरेर कार्यान्वयनको लागि सरकारलाई निर्देशन पनि गरेको छ। त्यसको अनुसन्धान, अनुगमन र कार्यान्वयन तर्फ दबाबको आवश्यकता छ। यसै अवधिमा आफ्नो निर्वाचन मण्डल हाम्रा मतदातासँग अन्तरक्रिया गर्ने कम्तिमा वर्षमा एक पटक गर्ने गरी हामीले सुरु गरेका छौं। कम्तिमा एक पटक भनेको धेरै पटक पनि हामीले गर्न सक्छौ। सक्ने गरी राष्ट्रिय सभाले व्यवस्थापन गरेको छ र हामीले त्यो सुरुवात गरेका छौं। यसले संघीयता कार्यान्वयनमा राम्रो भूमिका खेल्छ भन्ने मलाई लाग्छ र अन्त्य धेरै अन्तरक्रियाहरू प्रदेश, स्थानीय तह लगायत सित अन्तरक्रिया गरेका छौं। र उहाँहरूका समस्याहरू बुझेका छौं, सुनेका छौं र कार्यान्वयनको निम्ति हामीले प्रयास गरेका छौं। अझ प्रभावकारी रुपमा यो व्यवस्थालाई अझ प्रभावकारी रुपमा अगाडि बढाउन संसदले भूमिका खेलोस् भन्नेमा कुरा राख्न चाहन्छु। अब प्रदेश सभा र स्थानीय तहमा हामी गइरहँदा, छलफल गरिरहँदा उहाँहरूको भनाइ के छ भने हामीलाई संघीय कानुन नभएको कारणले धेरै कानुनहरू निर्माण गर्न हामीले सकेका छैनौ। र ति कानुनहरू निर्माण गर्नको निम्ति संघले चाँडो भन्दा चाँडो संघीयता कार्यान्वयन सम्बन्धी कानुनहरू निर्माण गरोस् भन्ने उहाँहरूको भनाइ समेत रहेको छ। यस छलफलबाट निक्लिएका निष्कर्षहरू सभाले आफ्नो सम्पत्तिको रुपमा राखेको छ, छलफल गरेको छ र राज्यलाई अब त्यसमा उठेका विषयहरूलाई राज्यले गर्नुपर्ने काममा अब दबाब दिनुपर्ने र राज्यले गर्ने, राज्यको पक्षबाट गरिने कामहरूमा तत्काल अगाडि बढाउनलाई प्रेसर गर्नुपर्ने आवश्यकता छ। हामीले अब संघीयता सम्बन्धी कानुनहरू कति बाँकी छन् भनेर हामीले गरिसकेका छौं। विधायन समितिले त्यसलाई सरकारलाई दिइसकेको छ र उसले कार्यान्वयनको सुरुवात गरेको छैन। त्यसलाई पनि दबाब दिनुपर्ने आवश्यकता छ। हाम्रा अब शून्य समय, आकस्मिक समय, विशेष समय, प्रादेशिक समय हाम्रा यी तिन वटा चार वटा समयहरू व्यवस्थित गरेका छौं। शून्य समयमा अघि माननीयज्यूहरूले भनिसक्नु भएको छ। सामान्यतया तत्काल देखिएका समस्याहरूलाई उठाउने र राज्यलाई घचयच्याउने काम हामीले गर्छौं र आकस्मिक समयमा तत्काल देखिएका विषयहरू आकस्मिक रुपमा राख्नुपर्ने भयो भने हामीले बस्ने स्थानबाटै माग गरेर हामीले चाहिँ गर्ने गरेका छौं। र ति यी सबै कामहरू अगाडि बढेका छन्। विशेष समय हाम्रो राजनैतिक

सैद्धान्तिक विभिन्न कुराहरूलाई राख्ने गरेका छौं र प्रादेशिक समय अहिले चाहिँ हामीले जसरी हामीले प्रदेशसँग अन्तरक्रिया गर्ने गरी हामीले जुन कार्यक्रमहरू अगाडि बढाएका छौं। त्यहीसँग सम्बन्धित प्रादेशिक समय हामीले राखेका छौं। यो प्रादेशिक समय महिनाको अन्तिम शुक्रबार भनिएको छ। यो बरु अलिकति मिलाउनु पर्छ होला। त्यो नमिलाउदा खेरि कहिलेकाहि पर्दै नपर्ने अवस्था पनि आउँछ। त्यसो भएको हुनाले यसलाई अझै व्यवस्थित गर्न सभाले व्यवस्थापन गरोस् भन्न चाहन्छु। यो प्रत्यात विधायनमा देखिएका समस्याहरूलाई हामीले विधायन कानुन बनाएर त्यसको व्यवस्थापन गरेका छौं। अब विधायन कानुन अनुसार कानुनहरू निर्माण गर्ने र अहिले सम्म भएका कानुनहरूलाई पनि प्रत्यायोजित विधायनहरू विधायन कानुन अनुसार छैनन् भने त्यसलाई व्यवस्थित गर्नुपर्छ भनेर चैत सम्मको व्यवस्था गरिएको छ। त्यसलाई चाहिँ सरकारले मुकमुक्याउनु पर्ने आवश्यकता छ। अब यस्तै अब अन्तिम अन्तिममा यो अवधिमा निवर्तमान अध्यक्षज्यू, वर्तमान अध्यक्षज्यू, निवर्तमान र वर्तमान उपाध्यक्षज्यूहरू समन्वय परामर्श तथा यस अवधिमा सहकार्यमा रहनु हुने सभाका सदस्यज्यूहरू र सँगसँगै सहकार्य गर्ने माननीयज्यूहरू र कर्मचारी महासचिव लगायत कर्मचारी मित्रहरू र सुरक्षाकर्मी र संसदमा रहेका सम्पूर्ण कर्मचारीज्यूहरू लगायत सबैलाई सहकार्यमा हामीले एक आपसमा जसरी सहकार्य गरौं। यसको निम्ति यहाँहरूको सहयोग रह्यो भन्ने कुरा राख्दै यहाँहरू सबैलाई धन्यवाद दिँदै मेरा भनाइहरू अन्त्य गर्छु। धन्यवाद।

(१४:१७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू माननीय सदस्यहरू हरूले अनुभव प्रस्तुत गर्ने क्रम आजलाई यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थमन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय सदस्यहरू अब माननीय अर्थमन्त्री एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री रामेश्वर खनाललाई माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनका लागि रोस्टममा आउन आग्रह गर्दछु।

माननीय सदस्यहरू अब प्रश्नकर्ता माननीय सदस्य भुवन बहादुर सुनारलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउछु।

(१४:१८ बजे) **<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय मन्त्रीज्यूलाई मेरो यस प्रकारको

प्रश्न छ। यो अन्तरिम सरकारलाई छोटो अवधिमा जनताबाट श्रेय लिने अवसर आएको छ। दलित समुदायको हक, अधिकार तथा विकास सम्बन्धमा विधेयक तर्जुमा गर्न मन्त्रिपरिषदबाट स्वीकृति पनि भएको छ। यसै अधिवेशनमा राष्ट्रिय सभामा दर्ता भयो भने एक ऐतिहासिक काम हुनेछ। उक्त विधेयक मस्यौदा के काम र कुन चरणमा छ? मैले प्रश्न राखे। धन्यवाद।

(१४:१८ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय मन्त्रीज्यू।

(१४:१९ बजे) **<u>माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री/अर्थ मन्त्री श्री रामेश्वर खनालः</u>**- सम्माननीय अध्यक्ष महोदय, संविधानको धारा ४० मा उल्लेख भएको दलितको हक कार्यान्वयन गर्ने सिलसिलामा संघीय संसद, राष्ट्रिय सभा, विकास, आर्थिक मामिला तथा सुशासन समितिको २०८१/०९/११ को निर्देशन कार्यान्वयन सम्बन्धी पत्रबाट दलित समुदायको अधिकार तथा विकास सम्बन्धमा कानुनी व्यवस्थाको आवश्यकता सम्बन्धी प्रतिवेदन, २०८१ मा आधारित भई दलित समुदायको अधिकार तथा विकास सम्बन्धी विधेयक संघीय संसदको आगामी अधिवेशनमा पेश गर्न निर्देशन भए बमोजिम दलितको हक अधिकार तथा विकास सम्बन्धी विधेयक तर्जुमा गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट यही २०८२ पुष २८ गते सिद्धान्त स्वीकृति भएको छ। सो अवधारणा पत्र बमोजिम विधेयकको मस्यौदा तयार गर्नको निमित्त नेपाल कानुन आयोगसँग लिखित रुपमा अनुरोध गर्नु भन्दा अगाडि उहाँहरूले एकचोटी हामी मौखिक रुपमा परामर्श गर्छौं भनेको हुनाले मौखिक परामर्श सकिएर हिजो उहाँहरूले लिखित रुपमा आग्रह गरेमा यो विधेयक तर्जुमा हामी गर्छौं भनेर भन्नु भएको छ र आज यो लिखित रुपमा नेपाल कानुन आयोगलाई विधेयक तर्जुमा गर्दिनको निमित्त संघीय मामिला मन्त्रालयबाट अनुरोध जाँदैछ।

(१४:२० बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- अब म प्रश्नकर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोध्न चाहनुहुन्छ भने आफ्नो प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही एक मिनेट भित्र पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:२१ बजे) **<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्षज्यू, जुन किसिमले चाहिँ अहिले त्यो विधेयक भन्ने बाटोमा छ भन्ने कुरा सुन्न पाउँदा खुशी लागेको छ र मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु। तर अहिले सैद्धान्तिक सहमति भएको पनि एक महिना भन्दा बढी भइसकेको छ। यो मस्यौदा लेखन कार्यालाई कसरी जान खोजेको छ र के भइराखेको छ। यो कानुन आयोग अथवा स्वयम् मन्त्रालयले यसलाई कसरी अगाडि बढाएको छ भन्ने बारे पनि जिज्ञासा राख्न चाहन्छु। धन्यवाद।

(१४:२१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय मन्त्रीज्यू।

(१४:२१ बजे) **<u>माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री/अर्थ मन्त्री श्री रामेश्वर खनाल</u>:-** सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूले सोध्नु भएको प्रश्नको सन्दर्भमा यो गएको २१, २२ दिन जति पुष २८ गते सिद्धान्त स्वीकृति भइसकेपछि मन्त्रिपषदबाट निर्णय प्राप्त हुन केही समय लाग्यो। त्यो प्राप्त हुने बित्तिकै मन्त्रालयका सचिव र सहसचिवज्यूहरू नेपाल कानुन आयोगमै गएर परामर्श गर्नुभयो र पहिला यो हामीले सबै यसको सबै पक्षहरूको बारेमा हामी आफै अध्ययन गरौं। त्यसपछि मात्रै तपाईहरूले लिखित अनुरोध पठाउनु होला भन्ने क्रममा नै यो करिब करिब २०, २२ दिनको समय गयो र हिजो मात्रै त्यहाँबाट मौखिक रुपमा अब होइन अब लिखित रुपमा नै त्यहाँबाट आग्रह आएपछि हामीले मस्यौदा गर्छौं भन्नुभएको छ। मलाई कानुन आयोगबाट दिएको जानकारी अनुसार चाहिँ आउने २०, २१ दिनमा किनभने ७ दिन जति यो सार्वजनिक परामर्श गर्नुपर्ने रहेछ। मस्यौदा गर्नको निमित्त १२, १५ दिन ७ दिन जति परामर्श गरेर एक महिना भित्रमा यो विधेयक मन्त्रिपरिषद सम्म पुऱ्याउने गरि तयार हुन सक्छ भनिएको छ। त्यही भएर द्रुत गतिमा यो अत्यन्त महत्त्वपूर्ण विधेयक भएको हुनाले द्रुत गतिमा तयार गरेर यो सरकारको कार्यावधि रहँदै नै यसलाई सम्पन्न गर्ने लक्ष्य मैले लिएको छु।

(१४:२२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू अब म प्रश्नकर्ता माननीय सदस्य भुवन बहादुर सुनारलाई अर्थ मन्त्रालयसँग सम्बन्धित आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:२३ बजे) **<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय मन्त्रीज्यूलाई मेरो प्रश्न यस प्रकारको छ। संघीय संसदका सांसदहरूले आफ्नो कार्यक्षेत्र भित्र विकास निर्माणमा जनताको पहुँच नपुगेका ठाउँमा जनताको घर आगनमा पुगेर समष्टि गरिएका आयोजनाहरू संसदबाट पारित गरेर रातो किताबमा प्रकाशित भइ जनताले थाहाँ पाइसकेका छन्। त्यस्ता विकास निर्माणका योजनाहरू नेपाल सरकारले रोवका कटौती गरि सांसदहरूलाई जनता समक्ष जान आलोचित बनाएको छ। तसर्थ तुरुन्त मन्त्रिपरिषदले फुक्वा गरि आफ्नो सुचारहरू आयोजना सुचारू गर्न ढिला नगर्न माग गर्दछु। यस बारेमा अर्थ मन्त्रालयले के गरिरहेको छ ? स्पष्ट हुन चाहन्छु। धन्यवाद।

(१४:२४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय मन्त्रीज्यू।

(१४:२४ बजे) **<u>माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री/अर्थ मन्त्री श्री रामेश्वर खनाल</u>:-** सम्माननीय अध्यक्षज्यू, यो सरकार बन्ने बेलामा आन्दोलनबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्नुपर्ने, मर्मत गर्नुपर्ने, सार्वजनिक सेवाको पुनसञ्चालन गर्नको निमित्त खर्चको जोहो गर्नुपर्ने यही बजेट भित्र रहेर र घोषणा गरिएको राष्ट्रिय सभाको निर्वाचन र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्नको निमित्त थुप्रो रकमको जोहो गर्नुपर्ने र चालु र महत्त्वपूर्ण आयोजनाहरूमा कम विनियोजन भएर कतिपय आयोजनाहरूको दायित्व सिर्जना भएर भुक्तानी गर्न नसकिएको अवस्था रहेको। आर्थिक पुनरुत्थान र राहत दिनुपर्ने, घाइते परिवार र सहिद परिवारको निमित्त र त्यो क्रममा आयोजनाहरूको पुनः प्राथमिकीकरण गर्ने अनुत्पादक खर्च कटौती गरेर मितव्ययिता काम गरेर यो अधिक खर्चको निमित्त बजेटको व्यवस्था गर्ने मन्त्रिपरिषदको २०८२ असोज ५ को निर्णय अनुसार तयारी हुँदै नभएका, खरिद प्रक्रियामा जाँदै नगएका खुद्रे, टुक्रे आयोजना जसले समष्टिगत रुपमा अर्थतन्त्रलाई तत्कालै खासै लाभ दिन सक्दैनन्। त्यस्ता आयोजनाहरू स्थगन मात्रै गरिएको थियो। भनिएको के थियो भने यदि केही गरी ति आयोजनाहरू पनि डिजाइन इस्टिमेट सकिएर टेन्डरमा जाने क्रममा छन्। अथवा टेन्डरमा गैकेका छन्, अथवा ति क्रमागत हुन् वा उपभोक्ता समितिसँग सम्झौता भएर ति काम प्रारम्भ हुने क्रममा छन् भने तिनलाई क्रमैसँग मन्त्रालयबाट त्यसको पुष्ट्याई प्रस्तुत गरिए बमोजिम फुकुवा गर्दै

लगिनेछ भनेको थियो। त्यही अनुसार अहिले धेरै आयोजनाहरूको रकम फुकुवा भएर आयोजनाहरू सुरु हुने क्रममा अथवा सुरु भइसकेका छन्।

(१४:२६ बजे) **सम्माननीय अध्यक्षः**- प्रश्नकर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोध्न चाहनुहुन्छ भने आफ्नो प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही एक मिनेट भित्र पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:२६ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- पूरक नभएको जानकारी गराउँछु। धन्यवाद।

(१४:२६ बजे) **सम्माननीय अध्यक्षः**- अब माननीय मन्त्रीज्यूलाई आसन ग्रहणका लागि अनुरोध गर्दछु। माननीय सदस्यहरू अब विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई विधायन व्यवस्थापन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेश गर्न समय उपलब्ध गराउछु।

(१४:२७ बजे) **माननीय विधायन व्यवस्थापन समिति सभापति श्री तुलसा कुमारी दाहाल**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम विधायन व्यवस्थापन समितिको कार्यक्षेत्र अन्तर्गत सभाबाट प्राप्त विधेयक माथि छलफल तथा विधेयक व्यवस्थापन ऐन कार्यान्वयन मापन तथा अध्ययन, अनुसन्धान र संघीय इकाई बिचको विधायिकी अन्तरसम्बन्ध सम्बन्धी विषय रहेका छन्। समितिले नेपालको संविधान, प्रचलित नेपाल कानुन, राष्ट्रिय सभा नियमावली, २०७५ र संघीय परम्परा भित्र रहि आफ्नो कर्तव्य र जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ। समितिमा दफावार छलफल गरी सभामा प्रतिवेदन पेश गर्नको लागि राष्ट्रिय सभाबाट पठाइएका विधेयक माथि छलफलको क्रममा विभिन्न चरणमा सम्बद्ध विभागीय मन्त्री, संशोधनकर्ता, माननीय सदस्यहरू, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र सम्बन्धित मन्त्रालयका सचिव लगायत सम्बद्ध पदाधिकारी, विषय विज्ञ, नागरिक, समाज, सरोकारवाला लगायतलाई बैठकमा आमन्त्रण गरी छलफल गर्दै सबैको सहमतिमा

विधेयकलाई समृद्ध बनाउने कार्य गर्दै आएको छ। यस्तै ऐन कार्यान्वयनको मापन तथा अध्ययन अनुसन्धानको कार्यलाई व्यवस्थित गर्न समितिले सुरुवाती चरणमा नै ऐन कार्यान्वयन मापन तथा अध्ययन अनुसन्धानका लागि कार्यविधि बनाई सोही अनुरुप कार्य गर्दै आएको छ।

सम्माननीय अध्यक्ष महोदय, यस प्रतिवेदनमा २०८१ साल साउन १ गते देखि २०८२ साल असार मसान्तसम्म समितिबाट भए गरेका कामकारबाही, विधेयकहरूको अवस्था, सदस्यहरूको उपस्थिति निर्णय र प्रतिवेदनहरू समावेश गरिएको छ। यस अवधिमा औपचारिक रुपमा जम्मा १०४ वटा बैठक सम्पन्न भएका छन्। ति बैठक मध्ये ८६ वटा बैठक विधेयक व्यवस्थापनको कार्यमा ४ वटा ऐन कार्यान्वयन मापन सम्बन्धि कार्यमा, ५ वटा अध्ययन अनुसन्धानको कार्यमा र ९ वटा अन्य विषयमा केन्द्रित थिए। समितिमा प्राप्त विधेयकमा दफावार छलफल गर्नु पूर्व विषय विज्ञ, कानुन विज्ञ, सरोकारवालाहरूसँग अवधारणात्मक तथा सैद्धन्तिक छलफल गर्ने अभ्यास रहेको छ। यस आर्थिक वर्षमा समितिमा गत आर्थिक वर्ष देखिका विचाराधि थप नयाँ गरि जम्मा ११ वटा विधेयक प्राप्त भएकोमा ९ वटा विधेयक सम्बन्धित समितिका प्रतिवेदनहरू सभामा पेश गरिएका थिए। समिति गठन भए यता यस आर्थिक वर्षमा समितिले राष्ट्रिय सभामा उत्पत्ति भएका ५० वटा र प्रतिनिधि सभाबाट पारित भइ सन्देश सहित राष्ट्रिय सभामा पेश भएका विधेयक मध्ये समितिमा प्राप्त ३२ वटा गरी कुल ८२ वटा विधेयकको व्यवस्थापन गरेको छ। यसका साथै यस आर्थिक वर्षमा बालबालिका सम्बन्धी ऐन, २०७५ का विभिन्न दफाहरूमा रहेका बालबालिकाको सहभागिता सम्बन्धी विषयको कार्यान्वयन मापन सम्बन्धमा प्रारम्भिक र स्थलगत अध्ययनको कार्य सम्पन्न भएको छ। समितिले सभामा पेश गरेको संविधान अनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन, २०८० लाई आधार बनाई उक्त प्रतिवेदनमा उल्लेखित संविधान कार्यान्वयनका लागि अत्यावश्यक र अनिवार्य कानुनहरू मध्ये बन्न बाँकी कानुनहरू र त्यससँग सम्बन्धित जिम्मेवार मन्त्रालयको निकायगत विवरण तयार गरी संविधान कार्यान्वयनको लागि अत्यावश्यक कानुनहरू निर्माणको लागि सरकारको ध्यानकर्षण गराउन कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग, तत् निकायसँग सम्बन्धित विषयमा, कानुनमा आधारित रहि छलफल गरेको थियो।

सम्माननीय अध्यक्ष महोदय, समिति गठन भएको ७ औं वर्ष पुरा भएको छ। यस अवधिमा समितिले राष्ट्रिय सभामा उत्पत्ति भएका, प्रतिनिधि सभाबाट सन्देश सहित राष्ट्रिय सभामा आएपछि सभाबाट यस समितिमा पठाएका सबै विधेयक माथि छलफल गरि समयमै प्रतिवेदन पेश गरेको छ। विधेयक उपरको छलफलमा समितिबाट केही नयाँ अभ्यासहरूलाई संस्थागत गरिएको छ। ऐन

प्रारम्भ हुने समयमा परिवर्तन ऐन, कार्यान्वयन मापदण्ड सम्बन्धि प्रावधान थप प्रत्यायोजित विधायनमा उपयुक्त अंकुश, तजबिजी अधिकारलाई न्यूनीकरण, संघीयता र समावेश सिद्धान्तमा जोड, समय पालना उपयुक्त तथा मर्यादित शब्दावलीको चयन आदि स्थापित गरेका विषयहरू हुन्। अन्त्यमा समितिको कार्यमा सहयोग गर्नु हुने माननीय सदस्यहरू, नेपाल सरकारका मन्त्रीहरू, विभिन्न मन्त्रालय एवं निकाय सम्बद्ध पदाधिकारी, विज्ञ तथा सरोकारवाला संघ, संस्था मर्यादापालक र सञ्चार जगतका साथै संघीय संसद सचिवालय र समिति सचिवालयलाई धन्यवाद दिँदै भविष्यमा पनि निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, सम्मानीय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ को उपनियम ४ बमोजिम विधायन व्यवस्थापन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन सम्मानित सभा समक्ष पेश गर्दछु। धन्यवाद।

**(१४:२८ बजे)** **<u>पुन:पीठासीन:</u>** सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल

**(१४:३२ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू अब सम्माननीय प्रधानमन्त्री एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री सुशिला कार्कीको तर्फबाट माननीय महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री श्रद्धा श्रेष्ठलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित चलचित्र विधेयक, २०८१ माथि छलफल गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

**(१४:३२ बजे)** **<u>माननीय महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री श्री श्रद्धा श्रेष्ठ</u>:-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित चलचित्र विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:३३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्य "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको चलचित्र विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको चलचित्र विधेयक, २०८१ माथि छलफल प्रारम्भ हुन्छ। छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु। उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यले आ-आफ्नो नाम २ मिनेट भित्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य गंगा कुमारी बेलबासे। माननीय सदस्य यही रोस्टममा आएर राखु होला।

(१४:३४ बजे) **<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, नेपाल चलचित्र विधेयक, २०८१ समितिमा छलफल भयो। सञ्चार मन्त्री, मन्त्रालयका कर्मचारीहरू र सरोकारवालाहरूसँग छलफल गर्‍यौं, विज्ञहरूसँग छलफल गर्‍यौं र यसै क्रममा हामी सञ्चार मन्त्री सँग सिनेमा हेर्न पनि गएका थियौं। आधुनिक सिनेमा अलि फरक ढङ्गको हुन्छ भनेर एउटा प्रस्ताव सहित हामी गएका थियौं। त्यसमा व्यापक रुपले छलफल भयो र धेरै कुराहरू परिमार्जन पनि गरेका छौं। र यो एउटा बोर्ड गठनको एउटा विषय थियो। त्यसमा व्यापक छलफल भयो र मन्त्रालयले तोकेको व्यक्ति भनेर यहाँ लेखिएको छ। त्यहाँ पनि कहीं नमिलेको हो कि भन्ने मलाई प्रतिवेदनमा लागिराखेको छ। र अर्को कुरा चाहिँ यसको प्रमाणिकरण गर्ने एउटा समिति निर्माण गर्ने भनेर भनेको थियो। यो प्रमाणीकरण गर्ने समिति निर्माणका लागि सरोकारवालाहरूले पनि

विषय विज्ञबाट गर्नुपर्छ। हामीलाई नियन्त्रण गर्न खोजियो यो अलि फरक ढङ्गको क्षेत्र हो र हामीले स्वतन्त्र ढङ्गले र नियमन पनि भएको ढङ्गले यसलाई नियमन गर्नुपर्छ भनेर उहाँहरूले प्रस्ताव पनि राख्नु भएको थियो र हाम्रो सदस्यहरूको पनि २० जनाको संशोधन विज्ञहरूबाट त्यसलाई नियमन गर्नुपर्छ। पहिला त जाँच समिति भनिएको थियो पछि संशोधन भएर प्रमाणीकरण समिति भनेर भनिएको छ। यसमा समूहमा संशोधनहरू छन्। त्यसो गर्दाखेरी बिष्णु कुमारी सापकोटा सहितका माननीयज्यूहरू त्यहाँ ३/४ जना हुनुहुन्छ त्यस्तै डा. अन्जान शाक्य हुनुहुन्छ। त्यस्तै गरेर कृष्ण बहादुर रोकाय, आनन्द प्रसाद ढुंगाना लगायतका माननीयज्यूहरू हुनुहुन्छ। र यो सुरेश कुमार आलेमगर लगायतका माननीयज्यूहरू हुनुहुन्छ र त्यहाँ लेखिएको छ चलचित्र प्रदर्शन अनुमतिको लागि वर्गीकरण गर्न केन्द्रीयस्तरमा रहने समितिको चलचित्र क्षेत्र सम्बन्धित दक्ष र प्रतिष्ठित व्यक्तिको नेतृत्व र बहुमत उपस्थित चलचित्रकर्मीहरूको हुने गरेर बनाउनुपर्छ भन्ने कुराहरू पनि लेखिएको छ। र समग्रमा के कुरा हो भने विज्ञबाट यस्तो समिति बनाउनु पर्छ र यो जाँच समितिलाई चाहिँ व्यवस्थापन गर्नुपर्छ भन्ने विषय उठेको थियो। त्यो चाहिँ यति धेरै संशोधनकर्ताहरूको एउटा मत हुँदा हुँदै लेख्न नसकिएको एउटा नमिठो अनुभव जाँदा जाँदै राख्नु परेको एउटा दुःखद अवस्था छ भन्ने कुरा राख्छु। धन्यवाद।

**(१४:३७ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य तारामान स्वाँर।

**(१४:३८ बजे)** **<u>माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, चलचित्र सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको चलचित्र विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिले विज्ञहरू र सरोकारवालाहरूसँग व्यापक छलफल र विधेयक माथि गहन छलफल गरी परिमार्जन सहित सर्वसम्मत रुपले पारित गरेर सभामा प्रतिवेदन प्रस्तुत गरेको छ। यो विधेयकमा चलचित्र क्षेत्रलाई नियमन गर्ने भन्दा पनि नियन्त्रण गर्ने प्रावधानहरू बढी रहेकाले सरोकारवालाहरू बीच व्यापक असन्तुष्टि रहेको अवस्थामा त्यसलाई सम्बोधन गर्दै निष्कर्षमा पुऱ्याउन समिति समक्ष निकै ठूलो चुनौती रहेको थियो। व्यापक छलफल चिन्तन मन्थनद्वारा समितिले यसलाई नियन्त्रणकारी भन्दा पनि नियमनकारी बनाउने र सकेसम्म बढी चलचित्र मैत्री बनाउने गरि परिमार्जन गरेको छ। विशेष गरेर चलचित्र विकास बोर्डलाई स्वायत्त, समावेशी संरचना सहितको र बोर्डको अध्यक्ष नियुक्तिका लागि सिफारिस गर्न समिति बनाउने तथा जाँच

समितिलाई प्रमाणीकरण समितिका रुपमा परिवर्तन गरी त्यसमा चलचित्र क्षेत्रका विज्ञहरूको बहुमत हुनेगरी व्यवस्था गर्नुका साथै विधेयकलाई संघीयताको मर्म अनुरुप हुनेगरी र प्रत्यायोजित अधिकार सम्बन्धी गरिएका २२ वटा प्रावधानहरूलाई कम गर्ने तथा चलचित्र क्षेत्रको प्रतिलिपी अधिकार र रोयल्टीको प्रवर्धन गर्ने र बौद्धिक सम्पत्तिको चोरी नियन्त्रण गर्ने वृत चित्र, साना एवं डिजिटल चलचित्रको विकास र प्रवर्धन गर्ने जस्ता व्यवस्था गरी विधेयकलाई परिमार्जन गरेको छ। यद्यपी चलचित्र क्षेत्रलाई हेर्ने दृष्टिकोण र प्राथमिकताका सम्बन्धमा चलचित्र विज्ञ एवं चलचित्र कर्मीहरूमा रहेको मतभेद र सरकारको सोचमा रहेको दोषका कारण चलचित्र सञ्चारको माध्यम एवं सूचना प्रविधिको पाटो मात्र हो वा मनोरञ्जनको साधन मात्र नभएर राष्ट्रको कला संस्कृति र सभ्यताको प्रतिविम्ब तथा पर्यटन प्रवर्धनको माध्यम हो भन्ने बहस कायमै छ। यो सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत वा संस्कृति पर्यटन मन्त्रालय अन्तर्गत रहने भन्ने सम्बन्धमा अधिकांश माननीयज्यूहरूको संशोधन प्रस्ताव संस्कृति पर्यटन मन्त्रालय अन्तर्गत रहनुपर्छ भन्ने हुँदा हुँदै पनि सरकारले सहजतापूर्वक नलिएकोले यस सम्बन्धमा विधेयक यथास्थितिमा नै रहेको छ। प्रमाणीकरण समितिको अध्यक्ष चलचित्र क्षेत्रको विज्ञ भन्दा पनि मन्त्रालयको सहसचिव रहने प्रावधानले चलचित्र क्षेत्रमा अनावश्यक अवरोध सिर्जना गर्ने त होइन भन्ने आशंका समेत रहेको छ। बहस, मतभेद, आशङ्का तथा बाँकी रहेका र नदेखिएका कमजोरीका सम्बन्धमा आगामी दिनहरूमा थप बहस र छलफल द्वारा यो अझै परिमार्जन हुँदै जानेछ। यसर्थ, यसलाई चाहिँ पारित गर्न (..... समय सकिएको।)

(१४:४१ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित चलचित्र विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू अब सम्माननीय प्रधानमन्त्री एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री सुशिला कार्कीको तर्फबाट माननीय महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री श्रद्धा श्रेष्ठलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछ।

(१४:४२ बजे) **माननीय महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री श्री श्रद्धा श्रेष्टः-** सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू आज यस राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिमा चलचित्र विधायक, २०८१ सम्बन्धि प्रतिवेदन माथि छलफल गरियो। माननीय सदस्य ज्यूहरूबाट

उठाएका जिज्ञासा तथा चासो प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। र यस उठाएको प्रश्नको यथोचित तथ्यपरक र स्पष्ट जवाफ दिनको लागि प्रतिबद्धता पनि व्यक्त गर्दछु। सर्वप्रथम माननीय गंगा कुमारी बेलबासे द्वारा उठाउनु भएको प्रमाणीकरणको कारण त्यो समितिको यो जुन प्रश्न थियो। यसमा मन्त्रालयको सहसचिव रहने प्रावधान राखिएको छ र यो चलचित्र कर्मी नै अध्यक्ष बनाउँदा कन्फ्लिक्ट अफ इन्ट्रेस्ट हुने देखिएकोले यो सिद्धान्तको आधारमा यो प्रतिनिधि सभामा हामी ल्याउन चाहन्छौं।

दोस्रो प्रश्न, माननीय तारामान स्वाँर सरको थियो। नियमित भन्दा नियन्त्रणमा बढी चलचित्र बनाइएको यो सम्बन्धी हामीले छलफल गर्दा यो चाहिँ कुन मन्त्रालय अन्तर्गत राख्ने भन्नेमा हामीले यो सञ्चार मन्त्रालयले यो अन्तर्गत राख्ने भन्ने छ। पर्यटन तथा संस्कृति मन्त्रालयमा पनि राख्नुपर्ने व्यवस्था पनि यसमा छलफल भइरहेको छ। आदरणीय सभालाई म के भन्न चाहन्छु भने म सम्बन्धित मन्त्रालयबाट नभएको हुनाले हाम्रो सहसचिव ज्यूले चाहिँ यो टिप्पणी अन्तर्गत जति पनि प्रश्नहरू उठिएको छ। त्यसमा चाहिँ लेखिदिनु भएको थियो। मलाई त्यहीं भएर यो सम्बन्धी थप यसमा छलफल गर्नुपर्ने भए म पुनः एकचोटी उहासँग सोधेर चाहिँ म यहाँ राख्न चाहन्छु भन्ने म गर्न चाहन्थे। के गर्ने एकचोटी सोधेर आँउ है एकचोटी गएर मलाई ५ मिनेटमा यहाँको एकदम क्षमा प्राथी छु है।

(१४:४५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू अब चलचित्र विधेयक, २०८१ का सम्बन्धमा माननीय सदस्यहरू विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको चलचित्र विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफल यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू अब चलचित्र विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ४५ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला यो विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ चलचित्र विधेयक २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ४५ सम्म उल्लेखित संशोधन सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब चलचित्र विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ४५ सम्म उल्लेखित संशोधन चलचित्र विधेयक, २०८१ को अङ्ग बनोस् भन्ने निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको को विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ चलचित्र विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ४५ सम्म उल्लेखित संशोधनहरू सर्वसम्मतिले चलचित्र विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्छु। माननीय सदस्यहरू अब विधेयकको दफा २ देखि ५३ सम्म चलचित्र विधेयक २०८१ को अङ्ग बनोस भन्ने निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्य "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा २ देखि ५३ सम्म सर्वसम्मत चलचित्र विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु। प्रस्तावना चलचित्र क्षेत्रलाई सामाजिक, सास्कृतिक र मनोरञ्जनात्मक उद्योगको रुपमा विकास गर्न चलचित्रलाई कलात्मक,

शिक्षाप्रद तह र सिर्जनशील बनाउन तथा प्रतिस्पर्धी प्रविधिको विकास मार्फत चलचित्रको विकास, विस्तार, प्रवर्धन र नियमन गर्न चलचित्र सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ।संक्षिप्त नाम र प्रारम्भ

१) यस ऐनको नाम चलचित्र ऐन २०८२ रहेको छ।

२) यो ऐन प्रमाणीकरण भएको मितिले ३१ औं दिनदेखि प्रारम्भ हुनेछ।

माननीय सदस्यहरू अब विधेयकको प्रस्तावना र नाम चलचित्र विधेयक, २०८१ को अङ्ग बनोस् भन्ने निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस् यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको प्रस्तावना र नाम सर्वसम्मत चलचित्र विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री सुशिला कार्कीको तर्फबाट माननीय महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री श्रद्धा श्रेष्ठलाई चलचित्र विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१४:४९ बजे) **माननीय महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री श्री श्रद्धा श्रेष्ठ:-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले चलचित्र विधायक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:४९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ, चलचित्र विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल फागुन १ गते शुक्रबार अपरान्ह १२ बजे १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर अर्को बैठक २०८२ साल फागुन १ गते शुक्रबार अपरान्ह १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

**स्थगितः १४: ५० बजे।**